# सुर्खेत जिल्ला अदालत

वीरेन्द्रनगर, सुर्खेत

☎ ०८३-५२०३३५/०८३-५२०२३५

मितिः २०७८/५/३

**मेलमिलापकर्ताको रुपमा सुचिकृत हुन निवेदन दिने सम्वन्धी सूचना**

उपर्युक्त विषयमा मेलमिलाप सम्बन्धी नियमावली, २०७० को नियम ९ मा मुद्दा हेर्ने निकाय, स्थानीय निकाय वा मेलमिलाप सम्बन्धी कार्य गर्ने संस्थाले प्रत्येक वर्ष मेलमिलापकर्ताको सूची अद्यावधिक गर्नु पर्नेछ भन्ने व्यवस्था भएको तथा जिल्ला अदालत प्रेषित मेलमिलाप कार्यसंचालन निर्देशिका, २०७५ को दफा ६ मा मेलमिलापकर्ताको रूपमा सूचीकृत हुन निवेदन माग गर्ने भन्ने व्यवस्था भए बमोजिम यस अदालतमा **मेलमिलापकर्ताको रूपमा आफ्नो नाम सुचिकृत गराउन चाहने मेलमिलापसम्बन्धी तालिम प्राप्त गरेका ब्यक्ति वा मेलमिलाप परिषद्बाट स्वीकृति प्राप्त गरेका मेलमिलापसम्बन्धी कार्य गर्ने संस्थाले** यो सूचना प्रकाशित भएको मितिले ३०(तिस) दिनभित्र तपसिल बमोजिमका कागजात सहित यस अदालतमा निवेदन दिनहुन अनुरोध गर्दै सबैको जानकारीका लागी यो सूचना प्रकाशित गरिएको छ ।

**निवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरू:**

१. मेलमिलाप परिषद्बाट जारी भएको मेलमिलापकर्ता प्रमाणपत्रको छायाँप्रति

२. नेपाली नागरिकताको प्रमाणपत्रको छायाँप्रति

३. शैक्षिक योग्यताको प्रमाणपत्रको छायाँप्रति

४. मेलमिलाप सम्वन्धी तालिमको प्रमाणपत्रको छायाँप्रति

५. मेलमिलाप सम्वन्धी कार्य गर्ने संस्थाको हकमा परिषद्बाट मेलमिलाप सम्बन्धी कार्य गर्न स्विकृति पाएको पत्रको छायाँप्रति

६. संस्थाको हकमा संस्था दर्ता तथा नविकरणको प्रमाणपत्रको छायाँप्रति

७. ब्यक्ति भए मेलमिलापकर्ताको पासपोर्ट साइजको फोटो

ठाकुर प्रसाद पौडेल
स्रेस्तेदार (उप-सचिव)
स्रेस्तेदार उपसचिव